घरधनी र घरवहाल बस्ने व्यक्ति वीच भएको घर वहाल सम्झौता

लिखितम ......................... को नाती .....................को छोरा ............................, ........................... बस्ने वर्ष .......

को ..................................... (यस पछि प्रथम पक्ष भनिएको) र ................................... को नाती ..................... को छोरा ............................ जिल्ला ................................, ........................ गा.वि.स. / न.पा. वडा नं ........ बस्ने ............ ना. प्र. नं ................. का श्री ....................... .(यस पछि दोस्रो पक्ष भनिएको ) का बिच मिति ............................मा देहायका शर्त तथा अधिनमा रही घर वहालमा लिने दिने सम्बधी मन्जुर भई यो सम्झौता गरि एक एक प्रति आपसमा बुझी दियौ लियौ ।

**शर्तहरु**

१. प्रथम पक्षको नाममा रहेको गा.पा./न.पा. वडा नं ...... कि. नं ......... स्थित घरजग्गा प्रथम पक्षले दोस्रो पक्षलाई बहालमा उपलब्ध गराउने ।

२. प्रथम पक्षको घर वहालमा लिए बापत दोस्रो पक्षले प्रथम पक्षलाइ मासिक रु ...................(अक्षेरुपी .......................) मात्र उपलब्ध गराउने ।

३. दोस्रो पक्षले प्रथम पक्षलाइ सम्झौता बमोजिमको घर वहाल रकम बुझाउने ।

४. घरको सरसफाइ, सुरक्षा र सामान्य मर्मत सुधार दोस्रो पक्षले गर्नुपर्ने र ठुलो मर्मत गर्नु परेमा प्रथम पक्षले गर्नु पर्ने ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई पानी, विजुली प्रयोग गर्न दिने र सो सुविधा उपभोग गरे बापत दोस्रो पक्षलाई आपसी सहमती अनुसार निर्धारण गरेको दरमा रकम बुझाउनु पर्ने ।

६. दोस्रो पक्षले फोहोर संकलन वापतको शुल्क प्रथम पक्षलाइ बुझाउनु पर्नेछ अर्थात वहालमा बस्ने आफैले तिर्नुपर्ने ।

७. वहाल रकम दुबै पक्षको आपसी सहमतीमा कायम हुनेछ तर २ वर्ष नाघेपछि निश्चित दरमा बृद्धि गर्न बाधा पर्ने छैन ।

८. सम्झौताको म्याद सकिनु अगावै दोस्रो पक्षले घर छाडी अन्यत्र जान चाहेमा ६० दिन अगावै प्रथम पक्षलाइ जानकारी दिनु पर्नेछ ।

९. सम्झौतको म्याद सकिनु अगावै प्रथम पक्षले घर खाली गर्न चाहेमा ६० दिन अगावै दोस्रो पक्षलाइ जानकारी दिनु पर्ने छ ।

१०. प्रथम पक्षले सम्झौता विपरित आधारभूत सुविधा उपलब्ध नगराएमा वा दोस्रो पक्षले घरको हानी नोक्सानी हुने काम गरेमा, घरको सुरक्षा र वातावरणमा प्रतिकुल असर पर्ने कुनै काम गरेमा जुनसुकै समयमा पनि सम्झौता रद्ध हुन सक्नेछ ।

११. प्रथम तथा दोस्रो पक्षको आपसी सम्झदारीमा सम्झौतामा बुदाहरु थपघट हुन सक्नेछन ।

१२. यो सम्झोता ....... साल.............महिना ...... गते देखि ........ साल.............महिना ...... गतेसम्मको लागि हुनेछ । दुबै पक्षले चाहेमा सम्झौताको म्याद थप गर्न सकिने छ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| नाम :- | नाम :- |
| सही :- | सही :- |
| साक्षी :- | साक्षी :- |

इति सम्वत ......... साल ............महिना....... गते रोज शुभम् ।